गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय**
**बागलुङ, नेपाल**

**मासिक**

# जनस्वास्थ्य बुलेटिन

**वर्षः २** | **अंकः २४** | **महिनाः २४** | **पौष २०८१**

## बढ्दो Ectopic Pregnancy: कारण के छ?

सामान्य गर्भावस्था तब हुन्छ जब निषेचित अण्डा (fertilized egg) महिलाको गर्भाशय (uterus) को भित्री भागमा गएर प्रत्यारोपित हुन्छ र त्यहाँ वृद्धि हुन्छ। तर, जब यो निषेचित अण्डा गर्भाशय बाहिर, प्रायः fallopian tube मा प्रत्यारोपित हुन्छ, त्यसलाई एक्टोपिक गर्भावस्था भनिन्छ।

विश्वव्यापी रूपमा, एक्टोपिक गर्भावस्थाको लगभग १-२% गर्भावस्थाहरूमा देखिन्छ। यो समस्या प्रजनन उमेरका महिलाहरूमा देखिने गम्भीर स्वास्थ्य समस्याहरू मध्ये एक हो।



एक्टोपिक गर्भावस्थाको लक्षण र चिन्हहरू प्रायः प्रारम्भिक गर्भावस्थाका लक्षणहरूसँग मिल्न सक्ने भएकाले यसलाई तुरुन्त पहिचान गर्नु महत्त्वपूर्ण छ। प्रमुख लक्षणहरूमा महिनावारी रोकिनु वा ढिलाइ हुनु, पेटको तल्लो भागमा एकतर्फी तीव्र वा मध्यम दुखाइ,

............... *बाँकी पृष्ठ ४*

## जनस्वास्थ्य विशेषः एच पी भी खोप अभियान २०८१

नेपालमा महिलामा हुने क्यान्सरमध्ये दोस्रो प्रमुख क्यान्सरको रुपमा रहेको पाठेघरको मुखको क्यान्सरको प्रमुख कारण ह्युमन प्यापिलोमा भाइरस (HPV)को संक्रमण हुनु हो। विश्वमा हरेक वर्ष ५,७०,००० महिलालाई पाठेघरको मुखको क्यान्सर हुन्छ। नेपालमा हरेक वर्ष २१६९ जना महिलालाई पाठेघरको मुखको क्यान्सर हुन्छ र यसबाट हरेक वर्ष १,३१३ जना (औसतमा प्रत्येक दिन ४ जना) महिलाहरूको मृत्यु हुन्छ भन्ने अनुमान छ।






पाठेघरको मुखको क्यान्सर रोकथाम गर्न सकिने रोग हो। यो रोग विरुद्धको खोप लगाएमा एच. पी. भीको सङ्क्रमणबाट सुरक्षित हुन सकिन्छ। नेपाल सरकारले सन् २०३० सम्म १० देखि १४ वर्ष उमेरभित्रका ९०% किशोरीहरूलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप दिने, ३० देखि ३९ वर्ष उमेर समूहका ९०% महिलाहरूको पाठेघरको मुखको क्यान्सरको परीक्षण गर्ने र पाठेघरको मुखको क्यान्सर निदान भएका ९०% महिलाहरूको उपचार गर्ने लक्ष्य लिएको छ। यही लक्ष्य पूरा गर्नको निमित्त नेपाल सरकारले २०८१ माघ २२ गते विश्व क्यान्सर दिवसको अवसर पारेर देशव्यापी रूपमा एच. पी. भी विरुद्धको खोप प्रदान गरिने कार्यक्रम रहेको छ।



**इमेलः** baglungdho@gmail.com **वेभसाइटः** hobaglung.gandaki.gov.np **फेसबुकः** https://www.facebook.com/dpho.baglung **फोन नं.:** ०६८-५२२४०८

.......... पृष्ठ १ बाट

***खोप अभियान सञ्चालन***

***बागलुङ जिल्लामा २०८१ माघ २२ गतेदेखि २८ गतेसम्म ६ वटा स्थानीय तहमा (बागलुङ नगरपालिका, जैमिनी नगरपालिका, गलकोट नगरपालिका, बरेंग गाउँपालिका, काठेखोला गाउँपालिका र ताराखोला गाउँपालिका) र माघ २७ गतेदेखि फाल्गुन ३ गतेसम्म ४ वटा स्थानीय तहमा (ढोरपाटन नगरपालिका, बडीगाड गाउँपालिका, तमानाखोला गाउँपालिका र निसिखोला गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था एवं विद्यालयमा रहेका खोपकेन्द्रहरु बाट पाठेघरको मुखको क्यान्सर विरुद्धको एच. पि. भी खोप अभियान संचालन हुने छ।***

**खोप अभियान संचालनको पूर्वतयारी**

एच. पी. भी खोप अभियान २०८१ को पूर्वतयारीको चरण तीव्ररूपमा अघि बढिरहेको छ। अभियानको पूर्व तयारीका क्रममा जिल्लास्तरीय अभिमुखीकरण तथा योजना तर्जुमा गोष्ठी बागलुङ नगरपालिका, ढोरपाटन नगरपालिका, गल्कोट नगरपालिका, जैमिनी नगरपालिका, ताराखोला गाउँपालिका, तमानखोला गाउँपालिका, काठेखोला गाउँपालिका एवं बरेङ गाउँपालिकाका स्वास्थ्य शाखा संयोजक,AEFI व्यवस्थापन team, खोप फोकल पर्सन, कोल्ड चेन फोकल पर्सन, तथा स्वास्थ्य संस्था प्रमुखको उपस्थितिमा संचालन गरिएको छ।

अन्तिम समुहको जिल्लास्तरीय अभिमुखीकरण तथा योजना तर्जुमा गोष्ठी माघ ३ र ४ गते बडीगाड गाउँपालिका तथा निशिखोला गाउँपालिकाका स्वास्थ्य शाखा संयोजक, AEFI व्यवस्थापन team, खोप फोकल पर्सन, कोल्ड चेन फोकल पर्सन, तथा स्वास्थ्य संस्था प्रमुखको उपस्थितिमा गरिनेछ।

***एच. पि. भि खोप अभियानमा विद्यालयमा अध्ययन गर्ने कक्षा ६ देखि १० सम्मका किशोरी र विद्यालय नजाने १० देखि १४ वर्षसम्म उमेरका किशोरीलाई एच. पी. भी खोप प्रदान गरी पाठेघरको मुखको क्यान्सर निवारण गर्नमा सहयोग पुर्‍याउने नेपाल सरकारको एच. पि. भी खोप अभियानको लक्ष्य रहेको छ।***

चार समुह गरेर संचालन गरिएको हाल सम्मको गोष्ठीमा अभियानको पूर्व तयारीको क्रममा गर्नुपर्ने क्रियाकलाप, अभियानको क्रममा गरिने गतिविधिहरु, सुरक्षित महिनावारी, खोप पश्चात हुने अवाञ्चित घटनाका साथसाथै खोपसेवाको अभिलेखीकरण तथा रिपोर्टिङको विषयमा छलफल गरिएको थियो। विभिन्न चरणमा संचालन गरिएको उक्त योजना तर्जुमा गोष्ठीमा बागलुङ जिल्लाका स्वास्थ्य कार्यालय प्रमुख घनश्याम सापकोटाको अध्यक्षता रहेको थियो भने कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख आदरणीय श्री अमरबहादुर थापा,प्रमुख जिल्ला अधिकारी श्री नेत्र प्रसाद सुबेदी, तमानखोला गाउँपालिका अध्यक्ष श्री जोगलाल बुढा, धौलागिरी अस्पतालका प्रमुख मे सु डाक्टर किरण तिवारी, जिल्ला समन्वय अधिकारी कृष्णराज गौतम, धौलागिरि अस्पतालका स्त्री रोग विशेषज्ञ डा. विजय ओझा, नेपाल पत्राकार महासंघका बागलुङका अध्यक्ष श्री राम थापा अविरल लगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको सहजीकरण स्वास्थ्य कार्यालय बागलुङका खोप सुपरभाइजर श्री राजु खत्रीद्वारा गरिएको थियो भने सहजीकरणको लागि विभिन्न चरणमा गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका खोप सुपरभाइजर श्री एकनारायण लम्साल, प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रका कोल्डचेन विशेषज्ञ सुनिल नेपालका साथै विश्व स्वास्थ्य संगठनका सर्भेलेन्स इमुनाइजेसन मेडिकल
अफिसर डाक्टर स्मृति लामा लगायतको उपस्थिति रहेको थियो। चार चरण गरेर संचालन गरिएको यस जिल्ला स्तरीय अभिमुखीकरण तथा योजना तर्जुमा गोष्ठीमा विभिन्न गाउँपालिका तथा नगरपालिकाका स्वास्थ्य शाखा संयोजक, खोप फोकल पर्सन तथा स्वास्थ्य संस्था प्रमुख गरेर १२७ जना को उपस्थिति रहेको थियो।



**इमेलः** baglungdho@gmail.com **वेभसाइटः** hobaglung.gandaki.gov.np **फेसबुकः** https://www.facebook.com/dpho.baglung **फोन नं.:** ०६८-५२२४०८

## तस्बिरमा जिल्ला स्तरीय योजना तर्जुमा गोष्ठी





























**इमेलः** baglungdho@gmail.com **वेभसाइटः** hobaglung.gandaki.gov.np **फेसबुकः** https://www.facebook.com/dpho.baglung **फोन नं.ः** ०६८-५२२४०८

................पृष्ठ १ बाट बाँकी

# बढ्दो Ectopic Pregnancy: कारण के छ?

गुप्ताङ्गबाट असामान्य रगत बग्नु, तथा चक्कर लाग्ने, बिमारीजस्तो महसुस हुनु वा बेहोस हुने अवस्था पर्छन्।

एक्टोपिक गर्भावस्थाको जोखिम केही विशेष अवस्थाहरू भएका महिलाहरूमा बढी हुन्छ। फैलोपियन ट्यूबमा कुनै पनि प्रकारको क्षति वा असामान्यताले यो जोखिम बढाउन सक्छ। फैलोपियन ट्यूबमा संक्रमण (जस्तै, पेल्विक इन्फ्लामेटरी डिजिज - PID), चोटपटक, वा ट्यूबल सर्जरीजस्ता कारणले महिलाहरू यो समस्याको उच्च जोखिममा रहन्छन्। महिलाहरूले पहिले एक्टोपिक गर्भावस्थाको सामना गरिसकेका छन्, उनीहरूमा पुनः यो समस्या दोहोरिने सम्भावना धेरै हुन्छ। त्यसैगरी, ३५ वर्षभन्दा माथिको उमेरका महिलाहरू र प्रजनन स्वास्थ्यमा समस्या भएका महिलाहरू यो अवस्थाको उच्च जोखिममा पर्दछन्।



**Ectopic Pregnancy को निदानः**

यस अवस्थाको निदानका लागि चिकित्सकीय इतिहास र शारीरिक परीक्षण पहिलो चरण हो। रगत परीक्षण पनि यस अवस्थाको पहिचानमा सहयोगी हुन्छ। Ectopic Pregnancy भएको अवस्थामा रगतमा hCG (एचसीजी) को स्तर अपेक्षित दरमा वृद्धि हुँदैन, जसले गर्भावस्थाको असामान्य स्थितिको सङ्केत दिन्छ। यसको सबैभन्दा भरपर्दो निदान ट्रान्सभजाइनल अल्ट्रासाउन्ड (TVUS) हो। यसको माध्यमबाट गर्भाशय भित्र भ्रूणको उपस्थिति नदेखिएमा र fallopian tube मा असामान्य संरचना देखिएमा एक्टोपिक गर्भावस्थाको पुष्टि हुन्छ।

***"एक्टोपिक गर्भावस्थाको प्रारम्भिक पहिचान जीवनरक्षा गर्नका लागि अत्यन्तै महत्त्वपूर्ण छ। यसको लागि महिलाहरूले आफ्ना स्वास्थ्य लक्षणहरूको नियमित रूपमा निगरानी गर्नुपर्छ र शङ्कास्पद लक्षणहरू देखिएमा तुरुन्तै स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्छ। ट्रान्सभजाइनल अल्ट्रासाउन्ड (TVUS) ले गर्भाशयमा भ्रूणको उपस्थिति सुनिश्चित गर्न मद्दत गर्छ। यो परीक्षण गर्भावस्थाको छैटौंदेखि आठौं हप्ताभित्र गरिएमा एक्टोपिक गर्भावस्थाको सम्भावना छिट्टै पत्ता लाग्न सक्छ।"***

**Ectopic Pregnancy को बढ्दो संख्याः**

बागलुंग जिल्लामा ectopic pregnancy को संख्या बढ्दो छ। पौष महिनामा मात्र गलकोट नगर अस्पतालमा २ जना गर्भवती महिलामा ectopic pregnancy को समस्या भएको गलकोट अस्पतालका डा. राजेश पौडेलको समुहले निदान गरेको छ। निदान भएका २ महिलालाई धौलागिरि अस्पतालमा उपचारका निमित्त रिफर गरिएको छ।



इमेलः baglungdho@gmail.com वेभसाइटः hobaglung.gandaki.gov.np फेसबुकः https://www.facebook.com/dpho.baglung फोन नं.: ०६८-५२२४०८

# स्वास्थ्य कार्यालय बागलुङद्वारा पौष महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको केहि झलक

## स्तरिय उपचार पद्दति(BHS For STP)सम्बन्धि अभिमुखिकरण कार्यक्रम

स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा मिति २०८१/०९/०४ देखि २०८१/०९/०६ गते सम्म स्वास्थ्यकर्मिहरुका लागि स्तरिय उपचार पद्दति(BHS For STP)सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।

यसले स्वास्थ्यकर्मीहरूलाई उपचारका लागि स्पष्ट मार्गनिर्देशन दिई बिरामीको सही निदान गर्न मद्दत गर्नुका साथै बिरामीहरूको उपचार गुणस्तरीय बनाउँछ। विशेषज्ञ चिकित्सकहरूको पहुँच सीमित हुन्छ, स्वास्थ्यकर्मीहरूले मानक प्रोटोकलको आधारमा प्रभावकारी रूपमा स्वास्थ्य समस्या समाधान गर्न सक्छन्।






उक्त कार्यक्रमको सहजिकरण डा बिनोद बराल, डा रुक्मिनि अधिकारी, जनस्वास्थ्य अधिकृत शुशिल पौडल, डा सरोज पन्थि तथा स्वास्थ्य कार्यालय बागलुङका राजु खत्री र देव प्रकाश घिमिरेले गर्नु भएको कार्यक्रममा बागलुङ जिल्लाका दशवटा स्थानिय तहका ३४ जना स्वास्थ्यकर्मिको सहभागिता रहेको थियो ।

## MPDSR सम्बन्धि ३ दिनको तालिम सम्पन्न

स्वास्थ्य कार्यालय बागलुङको आयोजना तथा फेयर मेड फाउण्डेसनको सहयोगमा MPDSR सम्बन्धि ३ दिनको तालिम सम्पन्न भएको छ।

यस तालिमले स्वास्थ्यकर्मीहरूलाई मातृ तथा नवजात शिशु मृत्युको निगरानी, विश्लेषण, र भविष्यमा यस्ता घटनाहरू दोहोरिन नदिन रणनीतिहरू निर्माण गर्न सिकाउँछ।





जिल्ला समन्वय समिति बागलुङका प्रमुख अमर बहादुर थापा ज्यको अध्यक्षता रहेको कार्यक्रममा १० वटै स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख तथा नर्सिङ कर्मचारी तथा फेयरमेड विवाइसी बागलुङका समेत ३४ जनाको सहभागिता रहेको थियो। स्वास्थ्य कार्यालयका क्षयकुष्ठ निरिक्षक देव प्रकाश घिमिरेको सञ्चालन, जनस्वास्थ्य निरिक्षक लक्ष्मी शर्माको स्वागत तथा स्वास्थ्य निर्देशनालयका अस्पताल नर्सिङ प्रशासक अन्जु पौडेल र वरिष्ठ कम्युनिटी नर्सिङ अधिकृत मन कुमारी ओझाको सहजिकरण रहेको थियो।



इमेलः baglungdho@gmail.com वेभसाइटः hobaglung.gandaki.gov.np फेसबुकः https://www.facebook.com/dpho.baglung फोन नं.: ०६८-५२२४०८

# स्वास्थ्य कार्यालय बागलुङद्वारा पौष महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको केहि झलक

## RRT, महामारी र SORMAS समबन्धि अभिमुखिकरण कार्यक्रम

स्वास्थ्य कार्यालय बागलुङको आयोजना , वरेङ गाउँपालिकाको समन्वयमा RRT, महामारी र SORMAS समबन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। वरेङ गाउँपालिकाको द्रुत प्रतिकार्य समिति, द्रुत प्रतिकार्य टोली, स्वास्थ्यकर्मी, विषयगत शाखा (स्वास्थ्य, कृषि, पशु, खानेपानी तथा सरसफाइ, विपद व्यवस्थापन) लगायत २३ जनाको सहभागितामा कर्यक्रममा सम्पन्न भएको थियो।

यी पहलहरूले महामारी र स्वास्थ्य संकटको प्रारम्भिक चेतावनी संकेतहरू पहिचान गर्न, संक्रमणको स्रोत पत्ता लगाउन, र थप फैलावट रोक्न रणनीतिहरू कार्यान्वयन गर्न मद्दत गर्ने छन् । कार्यक्रमको सञ्चालन स्वास्थ्य शाखा प्रमुख (जनस्वास्थ्य निरिक्षक) पदम पुनले गर्नु भएको थियो भने स्वास्थ्य कार्यालय बागलुङको जनस्वास्थ्य निरीक्षक लक्ष्मी शर्माद्वारा कार्यक्रमको सहजिकरणमा कार्यक्रम सम्पन्न गरिएको थियो ।











# स्वास्थ्य कार्यालय बागलुङद्वारा पौष महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको केहि झलक

## सर्कुवा स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड(MSS) मुल्याङ्कनमा

स्वास्थ्य कार्यालय बागलुङको सहजिकरण तथा जैमिनी नगरपालिका स्वास्थ्य शाखाको आयोजना तथा सर्कुवा स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन समितिको व्यवस्थापनमा सर्कुवा स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड (MSS) मूल्यांकनमा सर्कुवा स्वास्थ्य चौकीले ७७ प्रतिशत अंक प्राप्त गरेको छ। मुल्यांकनमा सहजीकरण गर्नु हुने स्वास्थ्य कार्यालय बागलुङका कार्यालय प्रमुख घनश्याम सापकोटा, क्षयकुष्ठ निरीक्षक देव प्रकाश घिमिरे, स्वास्थ्य शाखा प्रमुख गोविन्द प्रसाद आचार्य, जनस्वास्थ्य निरीक्षक तिर्थ पौडेलले गर्नु भएको थियो । उक्त कार्यक्रममा स्वास्थ्य कार्यालय बागलुङको अधिकृत सफल शर्मा र खोप सुपरभाइजर राजु खत्रीको समेत उपस्थिति रहेको थियो । न्यूनतम सेवा मापदण्डमा प्राप्त स्कोर (अंक) लाई आगामी दिनमा बढाउनको लागि जैमिनी नगरपालिका वडा नं चारका वडाध्यक्ष चक्र थापा र स्वास्थ्य चौकी प्रमुख डिल बहादुर थापाले कार्य योजना निर्माणका साथ मापदण्ड पूरा गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। साथै स्वास्थ्य चौकीमा कार्यरत सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद सहित आगामी दिनमा उच्च मनोबलका साथ निरन्तर स्वास्थ्य सेवामा लाग्नको लागि कार्यालयको तर्फबाट शुभकामना प्रदान गरिएको थियो।

नियमित रुपमा MSS मुल्यांकन गर्दा स्वास्थ्य सेवाका कमजोरीहरू पहिचान गर्न र तिनलाई सुधार गर्न सहायता मिल्नुका साथै सेवाको समानता, पहुँच, र गुणस्तरमा सुधार ल्याउने विश्वास गरिएको छ।



जैमिनी नगरपालिका

स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्डको मुल्याङ्कन फारम

(Mss Evaluation Summary Sheet)

| | |
|---|---|
| स्वास्थ्य चौकी को नाम र ठेगाना | सर्कुवा स्वा. चौकी जै.न.पा-४ |
| मुल्याङ्कन मिति | २०८१-०९/२१ |
| मुल्याङ्कनकर्ता | देवप्रकाश घिमिरे + गोविन्द |
| परिच्छेद १ को अङ्कः सुशासन र व्यवस्थापन | ७६ |
| परिच्छेद २ को अङ्कः क्लिनिक सेवा व्यवस्थापन मापदण्ड | १७९ |
| परिच्छेद ३ को अङ्कः सहयोग सेवा (Support Service) व्यवस्थापन | ७३ |
| न्युनतम सेवा मापदण्ड (MSS) को कुलअङ्क | ७७% |
| न्युनतम सेवा मापदण्ड (MSS) को अङ्कको रङ्ग समूह | निलो |

| कुल(MSS)अङ्क % | कलर कोडिङ |
|---|---|
| ५० भन्दा कम | सेतो |
| ५०-६९ | पहेंलो |
| ७०-८४ | निलो |
| ८५-१०० | हरियो |

[✓] बर्थिङ्ग सेन्टर [ ] Malaria endemic

| खण्ड अङ्क | क्षेत्र | कुल मापदण्ड संख्या | कुल अङ्क | प्राप्ताङ्क | कुल प्राप्ताङ्क (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| खण्ड १ | सुशासन र व्यवस्थापन | | | | |
| १.१ | सुसाशन | 24 (25**) | 24 (25**) | २४ | ९६ |
| १.२ | संस्थागत व्यवस्थापन | 15 | 15 | १४ | ९३ |
| १.३ | मानव स्रोत व्यवस्थापन र विकास | 11 (13**) | 13(15**) | १४ | ९३ |
| १.४ | आर्थिक व्यवस्थापन | 8(9**) | 8(9**) | ९ | १०० |
| १.५ | मेडिकल रेकर्ड र सूचना व्यवस्थापन | 8 | 8 | ८ | १०० |
| १.६ | गुणस्तर व्यवस्थापन | 8 | 8 | ७ | ८८ |
| खण्ड १: कुल सुसाशन र व्यवस्थापन | | 74 (78**) | 78 (82**) | ७६ | ९३ |
| खण्ड अङ्क | क्षेत्र | कुल मापदण्ड संख्या | कुल अङ्क | प्राप्ताङ्क | कुल प्राप्ताङ्क (प्रतिशतमा) |
| खण्ड २ | क्लिनिक सेवा व्यवस्थापन | | | | |
| २.१ | बहिरङ्ग सेवा (ओ.पि.डी.) | 39 | 57 | ४१ | ७२ |
| २.२.१ | खोप र वृद्धि मुल्याङ्कन | 16 | 18 | १८ | १०० |
| २.२.२ | परिवार नियोजन सेवा | 18 | 20 | १९ | ९५ |
| २.२.३ | ANC र PNC सेवा | 19 | 21 | १४ | ६७ |
| २.२.४ | DOTS क्लिनिक (1) | 22 | 22 | १७ | ७७ |
| २.४ | औषधी सेवा (डिस्पेन्सरी) | 23(24**) | 23 (24**) | १६ | ७० |
| २.३ | ड्रेसिङ्ग, इन्जेक्शन र अन्य प्रक्रियाहरु | 13 | 21 | २० | ९५ |
| २.६ | प्रयोगशाला सेवा | 22 | 28 | ० | ० |
| २.५ | बर्थिङ्ग सेवा** | 35** | 41** | ३४ | ८३ |
| खण्ड २: कुल क्लिनिक सेवा व्यवस्थापन | | 172 (250) | 210 (250) | १७९ | ७९ |
| खण्ड अङ्क | क्षेत्र | कुल मापदण्ड संख्या | कुल अङ्क | प्राप्ताङ्क | कुल प्राप्ताङ्क (प्रतिशतमा) |
| खण्ड ३ | स्वास्थ्य चौकी सहयोग सेवा व्यवस्थापन | | | | |
| २.१ | औजार प्रशोधन र निर्मलिकरण | 15 | 17 | १६ | ९४ |
| २.२.१ | लुगा धुने ठाऊँ | 15 | 17 | १३ | ७६ |
| २.२.२ | सरसफाई | 11 | 13 | ११ | ८५ |
| २.२.३ | उर्जा व्यवस्थापन | 3 | 3 | ० | ० |
| २.२.४ | पानी व्यवस्थापन | 4 | 4 | ४ | १०० |
| २.४ | स्वास्थ्य सम्बन्धी फोहोर व्यवस्थापन | 14 | 14 | ९ | ६४ |
| २.३ | सुरक्षा र संरक्षण | 10 | 12 | ६ | ५० |
| २.६ | यातायात र संचार | 5 | 5 | ५ | १०० |
| २.५ | भन्डारण (मेडिकल र मसलन्द) | 10 | 10 | ९ | ९० |
| खण्ड ३: स्वास्थ्य चौकी सहयोग सेवा व्यवस्थापन | | 87 | 95 | ७३ | ७७ |
| कुल MSS अङ्क | | | | | ७७% |

Scanned with CamScanner






इमेलः baglungdho@gmail.com वेभसाइटः hobaglung.gandaki.gov.np फेसबुकः https://www.facebook.com/dpho.baglung फोन नं.: ०६८-५२२४०८

# स्वास्थ्य कार्यालय बागलुङद्वारा पौष महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको केहि झलक

## समुदाय स्तरिय पोषण सम्वद्ध सरोकारवालासंगको पैरवी तथा अन्तरक्रिया

स्वास्थ्य कार्यालय बागलुङको आयोजना र निसिखोला गाउँपालिका स्वास्थ्य शाखाको समन्वयमा निसिखोला गाउँपालिका ६ नं वडा निसि स्वास्थ्य चौकी अन्तरगत चुसिवाङमा समुदायमा समुदाय स्तरिय पोषण सम्वद्ध सरोकारवालासंगको पैरवी तथा अन्तरक्रिया सम्पन्न भएको छ। १००० दिनका आमा, कृषक, अन्य परिवारका अविभावकहरु र स्वास्थ्यकर्मीहरु लगायत ४५ जनाको उपस्थिति रहेको थियो । कार्यक्रम स्वास्थ्य कार्यालय बागलुङका प्रमुख घनश्याम सापकोटाको अध्यक्षता, गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयका माननीय स्वास्थ्य मन्त्री कृष्ण प्रसाद पाठक ज्यूको प्रमुख आतिथ्यता, धौलागिरी आयुर्वेद अस्पतालका डा सरद पन्थी, लगायतका अतिथि ज्यूहरु,निसिखोला गाउँपालिकाका संयोजक तथा कर्मचारी, निसी स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरु लगायतको सहभागिता रहेको कार्यक्रममा स्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य निरिक्षक लक्ष्मी शर्माले सहजिकरण गर्नु भएको थियो भने माननीय स्वास्थ्य मन्त्री ज्यूले मन्तव्य राख्नु भएको थियो ।





**इमेलः** baglungdho@gmail.com **वेभसाइटः** hobaglung.gandaki.gov.np **फेसबुकः** https://www.facebook.com/dpho.baglung **फोन नं.:** ०६८-५२२४०८

# प्रदेश विशेषः बुर्तिबाङमा ५० शैय्याको प्रादेशिक अस्पतालको उद्घाटन

गण्डकी प्रदेश सरकारको सिफारिसमा संघिय सरकारले बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई प्रदेश स्तरीय ५० शैय्याको अस्पतालमा स्तरोन्नति गरेको छ। बुर्तिबाङ अस्पतालमा हाल १ बालरोग विशेषज्ञ, १ एमडीजीपी विशेषज्ञ, ३ मेडिकल अधिकृत, ३ स्टाफ नर्स, ४ हेल्थ असिस्टेन्ट, चार अहेव, ५ अनमी र ९ कार्यालय सहयोगीको समुहद्वारा सेवा प्रदान गरिदै छ। बुर्तिबाङ अस्पतालमा वार्षिक करिब ६ सय महिला प्रसुती हुने गरेका छन्। दैनिक ३०० जनालाई बहिरंग सेवा र ३० जनालाई आकस्मिक सेवा प्रदान गरिंदै आइएको छ। जिल्लाकै दोस्रो र पश्चिम बाग्लुंग को सबैभन्दा ठुलो व्यापारिक केन्द्रको रुपमा रहेको बुर्तिबाङ क्षेत्रका नागरिकले सामान्स्य उपचारको लागि अन्यत्र जानुपर्ने बाध्यता हटेको छ।

अस्पतालमा हाल चौबिसै घण्टा आकस्मिक, बहिरंग, शल्यक्रिया, बालरोग विशेषज्ञ सेवा, जनरल फिजिसियन विशेषज्ञ सेवा, अत्याधुनिक प्रय्प्गशाला सेवा, जिनएक्स्पर्ट सेवा, दाँत, आँखा उपचार सेवा लगायतको सेवा प्रदान गरिन्छ।












इमेलः baglungdho@gmail.com वेभसाइटः hobaglung.gandaki.gov.np फेसबुकः https://www.facebook.com/dpho.baglung फोन नं.: ०६८-५२२४०८

# बागलुङ जिल्लाका स्थानीय तहद्वारा पौष महिनामा सम्पन्न गरिएका कार्यक्रमहरुको केहि झलक

## गलकोट नगरपालिका

- सम्पूर्ण आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा न्युनतम सेवा मापदण्ड सम्वन्धि स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका पदाधिकारी, कर्मचारी तथा सरोकारवालाहरुलाई १ दिने अभिमुखिकरण कार्यक्रम।
- किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा संचालन सम्बन्धी स्वास्थ्यकर्मिहरुलाई १ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न।
- गलकोट नगरपालिका अन्तरगतका मल्म स्वास्थ्य चौकी, रिघा स्वास्थ्य चौकि र बौर आधारभूत स्वास्थ्य सेवा केन्द्रमा प्रजनन स्वास्थ्य रुग्णता स्क्रिनिङ तथा व्यवस्थापन (VIA Camp) सम्वन्धि निशुल्क शिविर सम्पन्न।
- सरोकारवाला निकाय तथा सरोकारवाला व्यक्तिहरुको उपस्थितिमा विश्व प्रति जैविक प्रतिरोध सचेतना सम्बन्धि १ दिने अन्तरक्रियात्मक अभिमुखिकरण कार्यक्रम सम्पन्न।
- किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा विस्तारका लागि व्यवस्थापन समितिका पदाधिकारीहरु, शिक्षक, विद्यार्थि तथा कर्मचारीहरुको उपस्थितिमा मल्म स्वास्थ्य चौकीमा १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न।
- गर्भवति महिलाहरुलाई फोटो फ्रेम उपहार वितरण कार्यक्रम।
- गलकोट नगरपालिका वडा नं ३ कोट र खस गाउँमा गलकोट नगरपालिकाको आयोजनामा ४० बर्ष माथिका व्यक्तिहरुलाई नसर्ने रोग सम्बन्धि स्क्रिनिङ कार्यक्रम सम्पन्न।
- गलकोट नगरपालिकाको १६ औं नगर सभाको अवसरमा जनप्रतिनिधिहरुको लागि नसर्ने रोगको स्क्रिनिङ कार्यक्रम सम्पन्न।
- गलकोट नगरपालिका वडा नं ४ मा ५९ महिनासम्मका बालिबालिकाहरुको पोषण स्थिति लेखाजोखा तथा सुनौलो हजार दिनका आमाहरुलाई पोषण सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न।

## बागलुंग नगरपालिकाः

- स्वास्थ्य संस्थाहरुको मासिक समीक्षा बैठक सम्पन्न
- गर्भवती महिलाको लागि ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रम ।
- निःशुल्क वितरणका लागि औषधि खरिद प्रक्रिया अगाडि बढेको ।
- दिर्घरोगीहरुको मासिक उपचार खर्च वापतको रकम भुक्तानी गरिएको।
- बागलुङ नगर अस्पताल मा न्यूनतम सेवा मापदण्ड गरिएको ।
- क्षयरोग मुक्त पालिका कार्यक्रमका लागि जनशक्ति व्यवस्थापन र आधारभूत इकाई गठन ।
- आमा समुह बैठक संचालन तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुको मासिक बैठक सम्पन्न ।
- क्षयरोगमुक्त पलिकास्तरिय अभिमुखीकरण कार्यक्रम सम्पन्न ।




## काठेखोला गाउँपालिका

- IMNCI सचेतनात्मक कार्यक्रम संचालन गरीएको।
- निःशुल्क वितरणका लागि औषधि खरिद तथा वितरण।
- दिर्घरोगीहरुको मासिक उपचार खर्च वापतको प्रति व्यक्ति रकम रु ५००० ।— पालिका भरीका ४७ जना बिरामीलाई भुक्तानी।
- सुनौला हजार दिनका आमाहरुलाई पोषण लेखाजोखा सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन ।
- क्षयरोग मुक्त पालिका कार्यक्रमका लागि जनशक्ति व्यवस्थापन।
- तंग्राम स्वास्थ्य चौकीमा दाँत तथा आंखा परिक्षण स्वास्थ्य शिविर संचालन।

## ताराखोला गाउँपालिका

- पाठेघर तथा आङ खसेका (Pelvic Organ Prolapse) महिलाअरुको लागि निःशुल्क Screening शिविर महिलाको पाठघरको मुखको क्यान्सर र स्तन क्यान्सरको परिक्षण र परामर्श कार्यक्रम सम्पन्न, (धौलागिरि अस्पतालको सहयोगमा)
- आधारभूत मानसिक स्वास्थ्य प्राथमिक उपचार एवं ध्यान योग प्रशिक्षण कार्यक्रम सम्पन्न, जिल्ला प्रशासन कार्यालय, बागलुङ; स्वास्थ्य कार्यालय बागलुङ; धौलागिरि आयुर्वेद अस्पताल बागलुङ, ओशो अमृतम ध्यानकेन्द्र

पृष्ठ १० बागलुङ, जुनकिरी नेपाल बागलुङ, अर्गल विकास मञ्च, ताराखोला बहुउद्देश्यीय सहकारी, पतञ्जली योग समिति बागलुङको सहयोगमा।

- PNC घरभेट कार्यक्रम नियमित रुपमा गरिएको।
- RUSG कार्यक्रम सञ्चालन नियमित रुपमा गरिएको।
- २ वर्ष मुनिका बालबालिकाको वृद्धि अनुगमन गरिएको।




## जैमिनी नगरपालिका

- नवजात शिशु तथा वाल रोगको एकिकृत व्यबस्थापन सम्बन्धि समुदाय स्तरीय सचेतनात्मक कार्यक्रम संचालन।
- कुश्मीसेरा प्रा स्वा के मा मोतियाविन्दुको स्क्रिन क्याम्प।
- सर्कुवा स्वा. चौकीमा न्युनतम सेवा मापदण्डको मुल्यांकन।
- नेपाने शहरी स्वास्थ्य केन्द्रमा समुदायमा क्षयरोगीको खोजपड्तालको लागि समुदाय स्तरीय अभिमुखिकरण।
- स्वास्थ्य संस्थाहरु बाट पोषणको लेखाजोखा।
- HPV खोप अभियान संचालनको लागि महिला सामुदायीक स्वास्थ्य स्वयंम सेविका र स्वयंम सेवकको अभिमुखिकरण।

## बरेंग गाउँपालिका

- प्रथम चौमासिक सार्वजनिक सुनुवाइमा स्वास्थ्य सेवा प्रती नागरिकको गुनासो शुन्य भएको।
- धुल्लुबाँस्कोट स्वास्थ्यचौकी बाट गर्भवती महिलाहरुको दैनिक निशुल्क भिडियो एक्स रे सेवा संचालन।
- हुग्दिशिर स्वास्थ्यचौकीद्वारा सर्वोदय मा वि मा HPV खोप अभियान तथा महिनावारी स्वच्छतापूर्वक सम्बन्धी स्वास्थ्य शिक्षा ।
- सुखौरा स्वास्थ्यचौकी द्वारा जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा संचालन।
- सबै स्वास्थ्य संस्थाद्वारा नियमित खोप सङ्गै सरसफाइ प्रवर्द्धन कार्यक्रम संचालन।
- धुल्लुबाँस्कोट स्वास्थ्यचौकीमा पालिका स्तरीय घुम्ती मासिक बैठक तथा सिकाइ आदानप्रदान कार्यक्रम सम्पन्न।
- वडा नं १ र २ का महिला स्वास्थ्य स्वयंसेविकाहरुलाइ हिमालयन आँखा अस्पतालको समन्वयमा प्राथमिक आँखा स्वास्थ्य सम्बन्धी तालिम।

## ढोरपाटन नगरपालिका:

- बुर्तिबाङ प्रा.स्वा.के लाई स्तरउन्नती गरि ५० सैयाको बुर्तिबाङ अस्पतालको उदघाटन।

## तमानखोला गाउँपालिका

- तमानखोला आधारभूत अस्पतालको एकिकृत अनुगमन तथा मूल्याङ्कन ।
- नाबाङ आधारभूत स्वास्थ्य सेवा केन्द्रको अनसाईट कोचिङ तथा मेन्टोरिङ्ग।
- खुङ्खानी स्वास्थ्य चौकी, नर्जाखानी आधारभूत स्वास्थ्य सेवा केन्द्र, लाम्मेला आधारभूत स्वास्थ्य सेवा केन्द्र र तमान स्वास्थ्य चौकीमा ग्रामीण अल्ट्रासाउण्ड सेवा ।
- सबै स्वास्थ्य संस्थाबाट बिध्यालय स्वास्थ्य शिक्षा कार्यक्रम।

## बडिगाड गाउँपालिका

- स्वास्थ्य संस्थास्तरिय मासिक समिक्षा बैठक सिसाखानी स्वास्थ्य चौकीमा सम्पन्न गरिएको ।
- आईरन फोलिक एसिड खुवाउने कार्यक्रम सम्बन्धी स्वास्थ्य संस्था प्रमुख, शिक्षकहरुलाई अभिमुखीकरण ।
- वडा न. २ र ३ मा एकिकृत जनस्वास्थ्य अभियान संचालन गरिएको ।
- सुनौला हजार दिनका आमाहरुलाई पोषण विशेष सम्बन्धी अभिमुखीकरण ।
- निर्वाचित जनप्रतिनिधी, राजनैतिक दलका प्रतिनिधीहरु, शिक्षक, कर्मचारी, ब्यापारी, पत्रकार तथा सरोकारवालाहरु सबैको उपस्थितीमा पोषणमैत्री स्थानिय शासन सम्बन्धी अभिमुखीकरण गोष्ठी सम्पन्न गरिएको ।

## निसिखोला गाउँपालिका

- Zoom मार्फत MPDSR सम्बन्धि orientation।
- आधारभूत स्वास्थ्य केन्द्र ५ को अनुगमन तथा सुपरिवेक्षण।

- AI x-ray द्वारा बोबाङ र बुर्तिबाङमा एक्सरे द्वारा छातिको परिक्षण कार्यक्रम सम्पन्न।
- सुनौलो हजार दिनका आमाहरुसंग पोषण अन्तर्कृया कार्यक्रम।
- नगरपालिकाका सम्पुर्ण बाल बिकास हरुमा कार्यरत बाल शिक्षक हरुको लागि पोषणको महत्व सम्बन्धी १ दिने तालिम
- ग्रामिण भिडियो एक्सरे नियमित सन्चालन ।
- निर्वाचित जनप्रतिनिधी, राजनैतिक दलका प्रतिनिधीहरु, शिक्षक, कर्मचारी, ब्यापारी, पत्रकार तथा सरोकारवालाहरु सबैको उपस्थितीमा पोषणमैत्री स्थानिय शासन सम्बन्धी अभिमुखीकरण गोष्ठी सम्पन्न ।
- विभिन्न विद्यालय तथा समुदायमा नसर्ने रोग तथा महिनावारी स्वच्छता सम्बन्धि सचेतना कार्यक्रम।
- सुनौला हजार दिन बारे आमा समुहमा छलफल
- मासिक बैठक तथा डाटा भेरिफिकेसन।















# श्रद्धान्जली अर्पण

स्वास्थ्य कार्यालय बागलुंगमा कार्यरत जनस्वास्थ्य निरीक्षक लक्ष्मी शर्माका ससुरा बुवाको निधनको १३ औं पुण्य तिथिमा स्वर्गीय बाबाप्रती भावपूर्ण श्रद्धान्जली साथै समस्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।







**इमेलः** baglungdho@gmail.com **वेभसाइटः** hobaglung.gandaki.gov.np **फेसबुकः** https://www.facebook.com/dpho.baglung **फोन नं.:** ०६८-५२२४०८